# पचालझरना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जारकोट, कालिकोट
कर्णाली प्रदेश, नेपाल

www.pachaljharanamun.gov.np
Email:pachaljharanagaunpalika@gmail.com
ito.pachaljharanamun@gmail.com
Audio Notes board 1618070768700
9848005009 (IT officer)
9848208087 (लेखापाल)

पत्र संख्या :२०७६।७७
चलानी नम्बर: ..........

विश्वभरि महामारीको रुपमा फैलिरहेको (Covid-19) कोरोना १९भाइरसको रोकथाम तथा व्यवस्थापनको लागि मिति २०७६ चैत्र १९ गतेको यस पचालझरना गाउँ कार्यपालिकाको बोर्ड बैठकले गरेका निर्णयहरु यस प्रकार रहेका छन :

**निर्णयहरु :**

१. प्रस्तावना एवम छलफल गर्दा विश्वव्यापी आतङक मच्चीरहेको कोरोना भाईरसका विषयको अभियानको बारेमा सहभागी वडा अध्यक्ष लगाएत सम्पुर्ण सहभागी सदस्यहरुबाट रिपोर्टिङ भयो । बाँकी दिनहरुमा पनी पत्येक दिनमा सुचना प्रविधि अधिकृत तथा र स्वास्थ्य शाखा संयोजकलाई अनिवार्य रुपमा रिपोर्टिङ गर्ने र सासाहिक रुपमा गाउँपालिकामा लिखित रुपमा पेश गर्ने ।

२. स्वास्थ्य कर्मचारीको परिचालनको बारेमा शाखाले तत्काल रिपोर्टिङ गर्ने ।

३. सबै वडा कार्यालयले दैनिक रुपमा गाउँ-गाउँमा आउने र जानेको रेकर्ड राखि रिपर्टिङ गर्ने।

४. वडाले युवाहरुलाई परिचालन र सूचना टाँसगरि टोल-टोललाई तथा वडालाई नै लगडाउन गर्ने ।

५. टोल गाउँहरुलाई तथा गाउँहरुलाई नियमित सरसफाई युक्त राखि निरन्तर अनुगमन गर्ने ।

६. छिमेकी देश तथा अन्य जिल्लामा अलपत्र परेकाहरुलाई सम्पर्क ल्याइ उनिहरुको व्यवस्थापन सहित सहज रुपमा आउने व्यवस्थापनको निम्ति पहल गर्ने ।

७. कोरोना भाईरस **(Covid-19)** सँग सम्बन्धित कार्यकालागि खटिने स्वास्थ्यकर्मि, कर्मचारी तथा जनप्रतिनिधीलाई खटिएको स्पष्ट अभिलेखको आधारमा खाजा नास्त बापत दैनिक दिनको ५००।(अक्षेरुपी पाँच सय) प्रोत्साहन रकम उपलब्ध गराउने ।

८.कोरोना भाईरस **(Covid-19)** सँग सम्बन्धीत कार्यकालागि खटिने स्वास्थ्यकर्मिहरुको ५ लाखको विमा गरिने छ ।

९. गाउँपालिका अध्यक्ष श्री खडगराज सेजुवालको संयोजकत्वमा विपद व्यवस्थापन समन्वय समिति गठन गरियो ।

१०. राष्ट्र सेवक कर्मचारी हुनुको नाताले गाउँपालिकाका सम्पुर्ण कर्मचारीहरुको सुरु तलब स्केलबाट तीन दिन बराबरको रकम कट्टि गरि विपद व्यवस्थापन कोषमा जम्मा गरि परिचालन गर्ने ।

११. विपद सम्बन्धि संघिय सरकार, प्रदेश सरकारले निर्माण गरेका मापदण्ड दिग्दर्शन परिपालन गर्ने निर्णय गरियो ।

१२. वडा नं ३ का वडा अध्यक्ष श्री लोकजन कठायतको संयोजकत्वमा एम्बुलेन्स संचालक समिती गठन ।

२०७६।१२।१९

(शिवकुमार पौडेल)
नि.प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख
प्रशासकिय अधिकृत